# अर्जुनधारा नगरपालिका

## योजना शाखा

## बार्षिक समिक्षा प्रतिवेदन
## ०८२/०८३

# परिचय

❖भौगौलिक क्षेत्रफल :- १०९.८६ वर्ग कि.मि.,

समुद्ध सतहदेखि ११८.८३ देखि ४२८ मि. उचाइ सम्म रहेको ।


❖सिमाना :- उत्तरमा इलामको माइ  नगरपालिका रोङ गा.पा पूर्वमा मेची नगरपालिका दक्षिणमा विर्तामोड नगरपालिका र पश्चिममा कन्काइ नगरपालिकासंग सिमाना जोडिएको ।

❖जनसँख्या :- ८४०१८      घरधुरी :- २१८२४       कृषि क्षेत्र   :- ७० प्रतिशत

❖ऐतिहासिक एवम पवित्र धार्मिक स्थल :-अर्जुनधारा जलेश्वर धामको नाममा नगरपालिकाको नामाकरण गरिएको । ( २०७३ चैत २७ गते)

❖ मुख्य भाषा, जातजाति :-बाह्रमण, क्षेत्री, राजवशी , गुरुङ्ग, मगर, तामाङ्ग, राइ, लिम्बु, कामी, दमाइ, नेवार, सन्यासी, सन्थाल

❖मुख्य खाद्य वाली :-  धान, मकै , गहुँ , तोरी, उखु, सुपारी, चिया,



# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
| --- | --- | --- |
| १ | जनशक्ति व्यवस्थापन | क. जम्मा स्वीकृत दरवन्दी: ७६ पदपूर्ति: ६४ रिक्त: १२<br>ख. हाल कार्यरत जम्मा जनशक्ति: ११६ स्थायी: ६४ करार: ४० (शिक्षक र स्वास्थ्यकर्मी बाहेक)<br>ग. स्थानीय तह आफैले O & M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत भए/नभएको र सोको अध्यावधिक गरे/नगरेको: गरेको |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रमुख प्रशासकीय भवन: **वनेको**<br>ख. जेन्जी आन्दोलनको क्रममा क्षति भए/नभएको : (**क्षति भएको भए मर्मत भई सञ्चालनमा आएको**):<br>ग. आफ्नै भवन भएको वडा कार्यालय संख्या: ११<br>घ. वडा केन्द्रसम्म १ कच्ची सडक पुगेको वडा संख्या: ११<br>२ स्तरोन्नती सडक भएको वडा संख्या : ११<br>३ कालोपत्रे सडक भएको वडाको संख्या : ११ |
| ३ | कानून निर्माणको अवस्था | क. ऐनको संख्या: २१ ख. नियमावलीको संख्या: ९<br>ग. कार्यविधि / मापदण्ड / निर्देशिकाको संख्या: ३२ |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजना: **बनेको**<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचना: **नवनेको**<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरण: **बनेको**<br>घ. भूउपयोग योजना: **बनेको**<br>ङ. स्थानीय भवन निर्माण मापदण्ड: **बनेको**<br>च. राजस्व सुधार कार्ययोजना: **बनेको**<br>छ. आन्तरिक नियन्त्रण प्रणाली: **बनेको** |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| ५ | स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क. स्थानीय तह कार्य सम्पादन मूल्याङ्कन (LGPAS) को प्राप्ताङ्क **६१.८** (गुणस्तर परीक्षण पश्चात)<br>ख. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टीः **भएको** |
| ७ | न्यायिक समिति सम्वन्धी | क. दर्ता भएका उजुरी/गुनासो संख्याः **११५**<br>ख. कारवाही वा फछ्यौंट भएका उजुरी संख्याः ८४<br>ग. कारवाही वा फछ्यौंट भएका मध्ये पुनरावेदनमा गएका संख्याः २६ |
| ८ | वेरुजु सम्वन्धी (बेरुजुका प्रकार सहित उल्लेख गर्ने) | क. आ.व. २०८१/८२ सम्मको कुल बेरुजु रकम: **५६८३१०३६९**<br>ख. आ.व. २०८१/८२ को मात्र कायम वेरुजु रकम (प्रतिशतमा समेत): **३७२८३९५० (१.४०%)**<br>ग. आ.व. २०८२/८३ सम्ममा फछ्यौंट भएको वेरुजु रकम (प्रतिशतमा समेत): **१९०८८२०८१ (२६.४४%) कुल बेरुजुमा समायोजन समेत गणना गरेर निकालियएको।**<br>घ. हालसम्ममा फछ्यौंट गर्नुपर्ने कुल वेरुजु रकम : **५६८३१०३६९** |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | क. दमकल सेवाको उपलब्धताः **आफ्नै**<br>ख. फोहोर प्रशोधन केन्द्र: **भएको**<br>ग. बातावरणमैत्री वडा वा पालिका घोषणा: **भएको**<br>घ. स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) स्थापना **नभएको**<br>ङ. स्थानीय विपत् प्रतिकार्य योजना तयार (अध्यावधिक) **नभएको** |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १० | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क. अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः ५ (डिजीटल गभर्नेन्स फ्रेमवर्कले तोकेका मध्ये)<br>ख. नागरिक वडापत्रः **भएको**<br>ग. सूचना अधिकारीः **तोकेको**<br>घ. गुनासो सुन्ने अधिकारी: **तोकेको**<br>ङ. सार्वजनिक सुनुवाई: **भएको**<br>च. सार्वजनिक परीक्षण र सामाजिक परीक्षण हुने: **गरेको**<br>छ. कार्यालयमा प्राप्त उजुरी/गुनासो संख्या : २२ फछ्यौंट संख्या: २२ |

# आर्थिक वर्ष (२०८२/८३) को खुद आम्दानी र खर्चको विवरण

रकम रु. हजारमा

| स्रोतको किसिम | | | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | सङ्घ | | १५४३७६१५० | १३०१७९७६५.११ | ७७।१६% |
| | प्रदेश | | १५५१४००० | ७२५४९११ | ४५।५८% |
| सशर्त अनुदान | सङ्घ | चालु | २७४९१५४०३.६५ | २७४९१५४०३।६५ | ९३।२९% |
| | | पुँजीगत | ४३७९२५५५ | ४३७९२५५५ | ८९।३७% |
| | प्रदेश | चालु | ४३७५२५६ | ४३७५२५६ | ८१.४६% |
| | | पुँजीगत | २६७४२४५३ | २६७४२४५३ | ९५.३३% |
| समपुरक अनुदान | सङ्घ | | २८१७९५२३ | २८१७९५२३ | ८९.७४% |
| | प्रदेश | | ३२६८३९९ | ३२६८३९९ | ५४.४७% |
| विशेष अनुदान | सङ्घ | | ६९३०३५३ | ६९३०३५३ | ६८.६१% |
| | प्रदेश | | | | |

# आर्थिक वर्ष (२०८२/८३) को खुद आम्दानी र खर्चको विवरण

रकम रु. हजारमा

| स्रोतको किसिम | | | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| राजश्व बाँटफाटबाट प्राप्त | सङ्घ | | १३५७१९०५३.९३ | ११४२०२७३२.२९ | ८१.९२% |
| | प्रदेश | | १४४२८१५६.७४ | १२९४४८९१ | ८३.५२% |
| रोयल्टी बाँडफाँटवाट प्राप्त रकम (रोयल्टी शिर्षक) | | | ८९७३४९५०।३६ | ७६४३२०९१।८० | ८७.४०% |
| आन्तरिक स्रोत | | | १०५५३४४८५।७२ | १०३३४२१९८।७९ | ८६।१२% |
| ऋण | | | | | |
| अन्य (बैंक मौज्दात वा अ.ल्या. भए खुलाउने ) | | | २९०३७१६५।८८ | | |
| जम्मा आय | | | | | |

# विषय क्षेत्रगत विनियोजन र खर्चको अवस्था (आ.ब.०८२/०८३)

रकम रु. हजारमा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | |
| १ | आर्थिक विकास | १२६४०००० | ८२३४४६०० | ९८४३४८७।१९ | ६९४५५०६९।६० | ७७।८८ | ८४।३५ | |
| २ | सामाजिक विकास | ३३९१८११०० | २४२३५००० | ३१०४३१६२०।३२ | २१५५१५७७ | ७७।५२ | ८८।९३ | |
| ३ | पूर्वाधार विकास | १६००००० | ३१३२०१३०७ | ११६५४५५ | २४७६३०६०१।१६ | ७२।८४ | ७९।०६ | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १२५९८७२२ | १४६४११५० | ८०५७७०२ | ११४३३७४७।२२ | ६३।९३ | ७८।०२ | |
| | जम्मा | | | | | | | |

# स्वीकृत योजना तथा कार्यक्रमको विवरण

**बजेटको आधारमा:**

| क्र.सं. | बिबरण | आ.व. २०८२/८३ को योजना संख्या |
|---|---|---|
| १. | ५० लाख भन्दा बढी बजेटको आयोजना | ११ |
| २. | २५+ देखि ५० लाखसम्मको आयोजना | १० |
| ३. | ५+ देखि २५ लाखसम्मको योजना | २६ |
| ४. | ५ लाखसम्म बजेटको आयोजना | १६२ |
| | जम्मा | २०९ |

**कार्यान्वयन तह/क्षेत्रको आधारमा:**

| क्र.सं. | बिबरण | आ.व. २०८२/८३ को योजना संख्या |
|---|---|---|
| १. | गाउँ/नगरपालिका स्तरीय | ७१ |
| २. | वडास्तरीय | ११५ |
| ३. | प्रदेशस्तरीय | २१ |
| ४. | संघीयस्तरीय | २ |
| | जम्मा | २०९ |

## योजना तथा कार्यक्रम कार्यान्वयन विधि:

| क्र.सं. | बिबरण | आ.व. २०८२/८३ को योजना संख्या |
|---|---|---|
| १. | उपभोक्ता समिति मार्फत | १९९ |
| २. | निर्माण व्यवसायी मार्फत | १७ |
| ३. | सामाग्री खरिद | १८ |
| ४. | परामर्श सेवा खरिद | १ |

# आवधिक योजना र बार्षिक नीति तथा कार्यक्रमको प्राथिमकका क्षेत्रहरु

| क्र.सं. | आवधिक योजनाका प्राथमिकताका क्षेत्रहरु | बार्षिक नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु (आ.व. २०८२/८३) |
|---|---|---|
| १. | पूर्वाधार तथा व्यवस्थित शहरी विकास | सडक, नाला, पुल–पुलेसा, कल्भर्ट, सडक बत्ती तथा नगर सौन्दर्यीकरण |
| २. | कृषि तथा पशुपालन विकास | कृषिको व्यवसायीकरण, आधुनिक प्रविधि, सिंचाइ, पशुपालन तथा कृषकको आय वृद्धि |
| ३. | शिक्षा तथा मानव स्रोत विकास | गुणस्तरीय शिक्षा, विद्यालय पूर्वाधार, प्राविधिक तथा सीपमूलक शिक्षा |
| ४. | स्वास्थ्य तथा सामाजिक विकास | आधारभूत स्वास्थ्य सेवा विस्तार, स्वास्थ्य संस्थाको सुदृढीकरण तथा सामाजिक समावेशीकरण |
| ५. | रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन | सीप विकास, स्वरोजगार, लघु तथा घरेलु उद्यम र स्थानीय रोजगारी सिर्जना |
| ६. | पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण | अर्जुनधारा क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनाको विकास र प्रवर्द्धन |
| ७. | खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन | स्वच्छ खानेपानी, सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण |
| ८. | सुशासन तथा संस्थागत क्षमता विकास | छिटो, सरल र पारदर्शी सेवा प्रवाह, कर्मचारी क्षमता विकास तथा जवाफदेहिता |
| ९. | डिजिटल नगरपालिका तथा सूचना प्रविधि | Digital Profile, डिजिटल अभिलेख, ई–गभर्नेन्स, अनलाइन सेवा तथा तथ्याङ्कमा आधारित योजना |
| १०. | विपद् व्यवस्थापन तथा वातावरण संरक्षण | बाढी तथा डुबान नियन्त्रण, विपद् पूर्वतयारी, नदीजन्य जोखिम न्यूनीकरण तथा हरित विकास |
| ११. | खेलकुद तथा युवा विकास | खेलमैदान तथा रंगशाला विकास, खेलकुद कार्यक्रम र युवाको क्षमता विकास |

# स्थानीय तहको क्षेत्र भित्र रहेका विद्यालय र विद्यार्थी सम्बन्धी संख्यात्मक विवरण

| विवरण | सामुदायिक | | संस्थागत | | धार्मिक | |
|---|---|---|---|---|---|---|
| | विद्यालय | विद्यार्थी | विद्यालय | विद्यार्थी | विद्यालय | विद्यार्थी |
| आधारभूत तह | १९ | २१२४ | १२ | १३७७ | ५ | १८८ |
| माध्यामिक तह | ९ | ५०६९ | २१ | ८६१६ | ० | |
| शिक्षकको कुल दरबन्दी | ३६८ | | १५४ | | २० | |
| पदपुर्ती | ३६४ | | | | | |

## स्वीकृत कार्ययोजना बमोजिम नदीजन्य पदार्थको ठेक्का बन्दोबस्त सम्बन्धी विवरण

| विवरण | स्वीकृत कार्ययोजनामा उल्लेखित परिमाण (नदि तथा खोलाको नाम समेत) | ठेक्का बन्दोबस्त भएको | | ठेक्का बन्दोबस्त हुन नसकेको परिमाण |
|---|---|---|---|---|
| | | परिमाण | मूल्य (मु.अ.क. बाहेक) | |
| नदीजन्य पदार्थ | विरिङ्ग खोला, प्याकेज नं. ०१ (AM/IR/01/082/83) | ३९१०० घ. मी. | १२३१७५०० | |
| | विरिङ्ग खोला, प्याकेज नं. ०२ (AM/IR/02/082/83) | २९५०० घ.मी | ६८५०००० | |
| | टाङटिङ र सुखानी खोला | ९९५०० घ. मी. | २५४३७८३७ | |

### नदीजन्य पदार्थको IEE प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालयमा पेश गरेको

| | | |
|---|---|---|
| गरेको | | |

# आर्थिक वर्ष २०८१/८२ को मुख्य उपलब्धीहरु

| सि. नं | सूचक | वेसलाईन (आ.व. २०८०/८ सम्मको अवस्था) | आ.व. २०८१/८२ को प्रगति | आ.व. २०८२/८३ को सम्मको अवस्था |
|---|---|---|---|---|
| १ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (कालोपत्रे) कि.मी. | १७.८२ | २५.५५ | २७ |
| २ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (खण्डास्मित) कि.मी. | ५१ | १७ | ७३ |
| ३ | स्थानीय तह भित्र निर्मित स्थानीय सडक (धुले) कि.मी. | १२ | ० | १३ |
| ४ | स्थानीय सडक पुल निर्माण (संख्या) | २४ | ११ | २६ |
| ५ | झोलुङ्गे पुल निर्माण (संख्या) | ८ | १ | ९ |
| ६ | सिंचाई कुलो निर्माण (कि.मी.) | ६.८३ | २.५ | ८ |
| ७ | सिंचाई सुविधा पुगेको जमिनको क्षेत्रफल (हेक्टर) | ७५ | २५३ | ८८ |
| ८ | स्थानीय तहमा दर्ता/सूचीकृत भएका उद्योग/फार्मको संख्या | ५३८ | ४२ | ५१ |
| ९ | सामुदायिक विद्यालयको (माथिल्लो तहमा भर्ना हुन योग्य हुनेगरी) SEE उत्तिर्ण दर | २६.९९ | | ४९।५९ |
| १० | आधारभूत तहको खानेपानी पुगेको घरधुरी प्रतिशत | ९८ | ९९ | ९८ |
| ११ | आधारभूत तहको सरसफाई पुगेको घरधुरी प्रतिशत | ९२.५ | ९५ | ९३ |

# आर्थिक वर्ष २०८२/८३ मा सम्पादित उल्लेखनिय कार्य



# स्थानीय तहले हाल सम्म सम्पादित कार्यवाट हासिल गरेको अनुकरणीय कुनै एक असल अभ्यासको विस्तृतीकरण



## अर्जुनधारा नगरपालिका
## DIGITAL PROFILE निर्माण

**सूचना प्रविधिको प्रयोगबाट सेवामा पारदर्शिता, जवाफदेहिता र नागरिक सशक्तिकरण**

### 1. विषयको शीर्षक (असल अभ्यासको नाम)

अर्जुनधारा नगरपालिका Digital Profile निर्माण




### 2. पूर्व अभ्यास तथा अनुभव (Baseline)

- नागरिक सूचना तथा तथ्यांक कागज/फाइलमा आधारित, अद्यावधिक गर्न समय लाग्ने र त्रुटि हुने।
- योजना, सेवा र पूर्वाधारको यथार्थ विवरण एकीकृत रुपमा उपलब्ध थिएन।
- निर्णय प्रक्रिया तथ्यांकमा आधारित नभई अनुमानमा हुने अवस्था।
- नागरिकलाई जानकारी लिन बारम्बार कार्यालय धाउनु पर्ने।

### 3. असल अभ्यासले पारेको र पार्न सक्ने आर्थिक-सामाजिक प्रभाव

**हालसम्मको प्रभाव**

- सेवा प्रवाहमा पारदर्शिता र विश्वास वृद्धि
- समय र लागत बचत (अनलाइन सेवाबाट)
- तथ्यांकमा आधारित योजना तथा बजेट निर्माण
- राजस्व अभिलेख र सम्पत्ति तथ्यांकमा सुधार
- विपद् व्यवस्थापन र पूर्व चेतावनीमा सहयोग

**पार्न सक्ने प्रभाव (दीर्घकालीन)**

- सुशासन र जवाफदेहिता सुदृढ
- लगानीमैत्री वातावरण र आर्थिक गतिविधिमा वृद्धि
- डिजिटल साक्षरताको विस्तार
- समावेशी विकास र सामाजिक न्यायमा टेवा
- दिगो र स्मार्ट नगरपालिका निर्माण

### 4. परिवर्तन गरिएको मुख्य पक्षहरु (Main Interventions for Change)

**के?**

- Digital Profile Portal निर्माण
- GIS आधारित नक्सा र भू-तथ्यांक एकीकृत
- जनसंख्या, घरधुरी, पूर्वाधार, सेवा, कर/राजस्व, शिक्षा, स्वास्थ्य, कृषि आदि तथ्यांक समावेश
- ड्यासबोर्ड र रिपोर्टिङ प्रणाली विकास

**किन?**

- एकीकृत, अद्यावधिक र विश्वसनीय तथ्यांकको आवश्यकता
- निर्णयलाई तथ्यांकमा आधारित बनाउने
- सेवा प्रवाह छिटो, सजिलो र पारदर्शी बनाउने
- स्मार्ट तथा डिजिटल नगरपालिका लक्ष्य हासिल गर्न

**कसरी?**

- आवश्यक तथ्यांक संकलन, सरसफाइ र एकीकरण
- GIS/IT प्रणाली तथा क्लाउड आधारित प्लेटफर्म विकास
- कर्मचारी क्षमता अभिवृद्धि तालिम
- विभागीय समन्वय र डाटा अपडेट संयन्त्र
- नागरिकमैत्री वेब तथा मोबाइल इन्टरफेस



### 5. नयाँ Intervention पछि महसुस गरिएको परिवर्तन, चुनौती र समाधान

**लाभग्राहीले महसुस गरेको परिवर्तन**

- सूचना एकै स्थानमा, सजिलै उपलब्ध
- सेवा लिन समय र खर्च घट्यो
- गुनासो समाधान र ट्र्याकिङ सजिलो
- विकास कार्यको पारदर्शिता बढ्यो
- योजना तथा कार्यक्रमबारे जानकारी समयमै

**चुनौतीहरु**

- तथ्यांक संकलनमा प्रारम्भिक कठिनाइ
- प्रविधि र डिजिटल साक्षरताको कमी
- डाटा अद्यावधिक निरन्तरतामा चुनौती
- बजेट तथा जनशक्ति व्यवस्थापन
- इन्टरनेट तथा उपकरणको पहुँच

**समाधानका लागि अवलम्बन गरिएका विधि**

- वडा/विभाग समन्वय समिति गठन र जिम्मेवारी निर्धारण
- कर्मचारीलाई नियमित तालिम तथा प्राविधिक सहयोग
- मानक डाटा सेट र अपडेट क्यालेण्डर/प्रोटोकल लागू
- नागरिक सहभागिता र फिडब्याक प्रणाली (ग्राहक प्रतिक्रिया)
- साझेदारी: संघ/प्रदेश/अन्य निकाय र निजी क्षेत्रसँग सहकार्य



### 6. मुख्य सिकाइ र अन्य स्थानीय तहका लागि सुझाव

**मुख्य सिकाइ**

- तथ्यांक नै सुशासन र विकासको आधार हो।
- प्रविधि मात्र होइन, प्रक्रिया र जनशक्ति महत्वपूर्ण।
- निरन्तर डाटा अद्यावधिक र उपयोग संस्कृति आवश्यक।
- बहु-क्षेत्रीय समन्वय र नेतृत्वको प्रतिबद्धता अनिवार्य।

**अन्य स्थानीय तहका लागि सुझाव**

- पहिला आवश्यक तथ्यांक पहिचान र प्राथमिकता निर्धारण गर्ने
- सरल, व्यवहारिक र विस्तारयोग्य प्रणालीबाट सुरु गर्ने
- कर्मचारी तालिम र समर्पित डाटा व्यवस्थापन संयन्त्र बनाउने
- नागरिकमैत्री सुचना पहुँच सुनिश्चित गर्ने
- अन्य निकायसँग सहकार्य र स्रोत परिचालन गर्ने

### 7. भावी योजना

- डाटा एनालिटिक्स र AI आधारित निर्णय प्रणाली
- मोबाइल एप विस्तार र सेवा एकीकृतरण
- ओपन डाटा र सार्वजनिक ड्यासबोर्ड
- डाटा सुरक्षा र गोपनीयता सुदृढीकरण
- स्मार्ट नगरपालिका र डिजिटल शासन विस्तार

**तथ्यांकमा आधारित योजना, प्रविधिमैत्री सेवा र समावेशी विकासको प्रतिबद्धता – अर्जुनधारा नगरपालिका**

# स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्या

- सडक, नाला, पुल–पुलेसा तथा कल्भर्टको अपर्याप्तता र वर्षायाममा हुने डुबान/कटान।
- दिगो खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापनमा चुनौती।
- कृषियोग्य जमिनको संरक्षण, सिंचाइ तथा कृषि उत्पादनको व्यवसायीकरणमा समस्या।
- युवा जनशक्तिको विदेश पलायन तथा स्थानीय रोजगारीका अवसरको कमी।
- स्थानीय उत्पादनको बजारीकरण तथा कृषि उपजको उचित मूल्य प्राप्तिमा समस्या।
- शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर र पहुँचमा थप सुधारको आवश्यकता।
- राजस्वको दायरा विस्तार तथा आन्तरिक आय वृद्धि गर्न चुनौती।
- योजना कार्यान्वयन, अनुगमन तथा उपलब्धि मापनमा कठिनाइ।
- तथ्याङ्क तथा अभिलेख व्यवस्थापनमा एकरूपता र अद्यावधिकताको कमी।
- शाखा, वडा तथा अन्य सरकारी निकायबीच सूचना आदान–प्रदान र समन्वयमा चुनौती।
- नगरपालिकाका सेवा प्रवाहलाई थप छिटो, सरल, पारदर्शी र नागरिकमैत्री बनाउनुपर्ने आवश्यकता।
- नदीजन्य पदार्थ व्यवस्थापन, वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो उपयोगमा चुनौती।
- बाढी, डुबान, नदी कटान लगायतका विपद् जोखिमको प्रभावकारी व्यवस्थापनमा चुनौती।
- खेलकुद तथा युवा विकासका लागि पर्याप्त पूर्वाधार र अवसरको आवश्यकता।
- पर्यटन तथा धार्मिक–सांस्कृतिक सम्पदाको पर्याप्त प्रवर्द्धन हुन नसकेको अवस्था।
- विपन्न, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको समावेशी विकासमा थप प्रयास आवश्यक।

# जिल्ला समन्वय समितिले गर्नुपर्ने समन्वय र सहजीकरणको क्षेत्र र अपेक्षा

- सङ्घ, प्रदेश र स्थानीय तहबीच **प्रभावकारी समन्वय र सहकार्य** कायम गर्ने।
- स्थानीय तहका साझा समस्या तथा विकासका विषयमा **समन्वयकारी भूमिका** निर्वाह गर्ने।
- जिल्लाभित्र सञ्चालन हुने **ठूला तथा बहु–स्थानीय तहका विकास आयोजनामा समन्वय** गर्ने।
- सडक, पुल, खानेपानी, सिंचाइ, शिक्षा, स्वास्थ्य लगायतका **पूर्वाधार विकासमा सहजीकरण** गर्ने।
- स्थानीय तहबीच **स्रोत, सूचना, प्रविधि तथा अनुभव आदान–प्रदान**को वातावरण बनाउने।
- स्थानीय तहका **असल अभ्यास तथा नवीनतम कार्यहरूको पहिचान, प्रवर्द्धन र अनुकरण**मा सहजीकरण गर्ने।
- विकास निर्माणका क्रममा देखिने **अन्तरपालिका विवाद तथा साझा समस्याको समाधानमा मध्यस्थता** गर्ने।
- प्रदेश तथा सङ्घीय निकायबाट स्थानीय तहमा आउने **योजना, बजेट तथा कार्यक्रमको प्रभावकारी समन्वय** गर्ने।
- **अनुगमन, मूल्याङ्कन तथा गुणस्तर सुधार**मा आवश्यक समन्वय र सहजीकरण गर्ने।
- जिल्लास्तरीय **तथ्याङ्क तथा सूचना प्रणालीको समन्वय र उपयोग**मा सहयोग गर्ने।
- विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा **जलवायुजन्य जोखिम न्यूनीकरणमा संयुक्त पहल** गर्ने।
- स्थानीय तहको **क्षमता विकास, तालिम तथा प्राविधिक सहयोग**का लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।
- स्थानीय तहका समस्या तथा आवश्यकतालाई **प्रदेश र सङ्घीय सरकारसमक्ष प्रभावकारी रूपमा प्रस्तुत** गर्ने।
- **साझा पूर्वाधार तथा स्रोतको संरक्षण र उपयोग**मा स्थानीय तहबीच समन्वय गर्ने।
- स्थानीय तहका लागि **नीति, योजना तथा कार्यक्रम निर्माणमा सहजीकरण** गर्ने।
- **पारदर्शी, जवाफदेही र परिणाममुखी विकास**का लागि नियमित समन्वय बैठक तथा अन्तरक्रिया सञ्चालन गर्ने।

# स्थानीय तहको सङ्घीय सरकार र प्रदेश सरकार सँगको अपेक्षा

- पर्याप्त तथा समयमै **वित्तीय स्रोत र अनुदान**को सुनिश्चितता।
- आवश्यक **कानुनी तथा नीतिगत स्पष्टता** र सहजीकरण।
- **डिजिटल पूर्वाधार, सूचना प्रविधि तथा ई–गभर्नेन्स** विकासमा सहयोग।
- स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिको **क्षमता विकास र प्राविधिक सहयोग**।
- सङ्घ, प्रदेश र स्थानीय तहबीच **एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली** विकास।
- सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रमा **संयुक्त लगानी र साझेदारी**।
- स्थानीय उत्पादन, पर्यटन, उद्यमशीलता तथा **रोजगारी प्रवर्द्धनमा सहयोग**।
- **विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु अनुकूलन**मा स्रोत र प्रविधि सहयोग।
- योजना तथा कार्यक्रम कार्यान्वयनमा **तीन तहका सरकारबीच प्रभावकारी समन्वय**।
- स्थानीय तहको आवश्यकता र प्राथमिकतामा आधारित **समपूरक तथा विशेष अनुदान**मा वृद्धि।
- स्थानीय तहलाई आवश्यक **प्राविधिक जनशक्ति तथा विशेषज्ञ सेवा** उपलब्ध गराउने व्यवस्था।
- स्थानीय तहलाई थप **अधिकार, स्रोत र जिम्मेवारीसँगै कार्यान्वयनमा सहजीकरण**।
- **पारदर्शी, जवाफदेही, प्रविधिमैत्री र नागरिकमुखी सेवा प्रवाह**का लागि सहकार्य।


अर्जुनधारा नगरपालिका
अर्जुनधारा नगरपालिका
समाप्त